# नेपालका आदिवासी जनजाति
# धानुक जातिको संक्षिप्त परिचय

## पृष्ठभूमि

## परिचय

नेपालको मध्य तराई तथा मधेशका मिथिला क्षेत्रमा आदिमकाल देखि धानुक आदिवासी जनजाति बसोबास गर्दै आइरहेको छ । धानुक जाति तराई मधेशमा बसोबास गर्ने अति सिमान्तकृत जातिमा पर्दछ । धानुक जातिको उद्गमस्थल मूलतः कोशी नदी देखि पश्चिमगण्डकी नदी देखि पूर्व, महाभारत पूर्व देखि तल र गंगाको उत्तरी मैदान सम्म हो । यो जाति तराई मधेशमा सप्तरी, सिराहा, महोत्तरी, सर्लाही, धनुषा, रौटहट, बारा, पर्सा, झापा, मोरङ र सुनसरी जिल्लाहरुमा छरिएर बसोबास गरेको पाइन्छ । शहरी क्षेत्रमा सबै भन्दा बढी धानुक संख्या रहेको विराटनगर नगरपालिका हो भने दोस्रोमा जनकपुर रहेको छ ।

धानुक जातिले परम्परागत रुपमा मण्डल थर प्रयोग गर्दै आएका छन् । मण्डल भन्नाले क्षेत्र बुझाउँदछ भने मडर भनेर समाजको वा परिवारको मुख्य व्यक्तिलाई वोध गराउँछ । यिनीहरु मेहनती र इमान्दार हुने गर्दछ । धानुक संस्कृतको धनुक शब्दबाट लिइएको हो । जसको अर्थ धनुष चलाउने हुन्छ । यी धानुक जातिको घरमा गोसाईमा अझै पनि धनुष वाण राखिने र पुजिने परम्परा छ । धनुष वाण धानुक जातिको प्रतिक हो ।

नेपालको जनगणना २०६८ अनुसार धानुक जातिको कूल जनसंख्या २,१९,८०८ रहेको छ । धानुक जातिको सर्वाधिक संख्या सप्तरी जिल्लामा रहेको छ ।

**बास स्थानः** धानुक जातिको बसोबास ग्रामिण क्षेत्रमा र कृषि पेशामा आधारित भएकोले घरको संरचना सामान्य किसिमको पाइन्छ । प्रायः गरेर पूर्व दिशा तिर घरको मुख फर्केकोलाई शुभ मानिन्छ । घरको तीन तिरबाट स-साना घर निर्माण गरेको हुन्छ । घरको एकछेउमा देवता घर पनि रहेको हुन्छ । घर निर्माण गर्दा बाँस, काठ, पराल, माटो आदीबाट बनाउने चलन रहेको छ । धानुक बसोबास रहेको क्षेत्रमा ग्राम स्थान रहेको हुन्छ । असार महिनामा विशेष सबैजना भेला भई ग्रामस्थानमा पुजा गर्ने गर्दछ । बाजागाना सहित खिरपान, सुपारी लड्डु, धुपदिप, फलफुल चढाएर पुजा गर्दछ ।

## जातीय इतिहास

**किम्बदन्तीः** आदिमकाल तथा त्रेतायुगमा धनुविधामा निपुर्ण समुदायको रुपमा धानुक जातिलाई मानिन्थे । यिनीहरु धानक मुनिलाई आफ्नो पुर्खाको रुपमा मान्दछन् । मिथिला विदेइ राज्य धानुक जातिको उदगम स्थल मानिन्छ । धनुषा जिल्लाको जनकपुरमा परापूर्वकालमा धानुक जातिको सघन बसोबास

रहेको थियो । धानुक जाति सत्ययुगका पराक्रमी राजा एवंम महामुनी शतधनु (धनकमुनि) का सन्तान हुन् । उनीहरु भाला, तरवार र धनुषवाण धारण गर्दथे । धनुषवाणलाई धानुक जातिको प्रतिकको रुपमा मानिन्छ । धानुक संस्कृतको धनुक शब्दबाट लिइएको हो । जसको अर्थ धनुष चलाउने भन्ने बुझिन्छ ।

## भाषिक अवस्था

धानुक जातिको प्राचिन मातृभाषा मगधी हो । यसलाई मगही भाषा पनि भनिन्छ । मिथिला राज्य मगध साम्राज्यमा कायम भएको थियो । त्यसै क्रममा मगधी भाषाको प्रभाव मिथिला तिरहुत क्षेत्रमा फैलिएको थियो । मगही भाषा नेपालको भाषिक तथ्यांक २०६८ मा उल्लेख भएको छ । मगही भाषा बोल्नेको संख्या ०.१३ प्रतिशत देखाईएको छ । यस जातिले आफ्नो धर्म कर्म, पुजापाठ, मुण्डन, विवाह आदी कार्यमा गाउने लोक गीत मगधी भाखा र लयमा नै छन् । मगही भाषा मैथली, भोजपुरी र वज्जिका भाषा सँग मिल्दो जुल्दो छ । धानुक जातिको भाषाको लिपि, ब्याकरण, शब्दकोष, साहित्य र पाठ्यपुस्तक खासै प्रकाशन भएको छैन ।मगधी भाषा लोपोन्मुख अवस्थामा रहेको छ । अहिले उनीहरु मगधी र मैथली मिश्रित भाषा बोल्दछन् ।तराईमा बढी संख्यामा मैथली, भोजपुरी, वजिका, थारु, नेपाली आदी स्थानीय भाषा प्रयोग हुने हुँदा मगधी भाषा दिनहुँ लोप हुँदै गई रहेको छ ।

## परम्परागत पेशा

धानुक जातिको मुख्य पेशा खेतिपाती र मजदुरी नै हो । धानुकहरु पशुपालनमा गाई भैसी पाल्ने गर्दछ । वर्षायाममा खेत, कुलो, खोलामा माछा पनि मार्दछन् । खेतीपातीमा धान, गहुँ, दलहन र तरकारी उत्पादन गर्दछ । यिनीहरु मोहि, बटिया, अधिया र स्वीधभरना जग्गा अन्य समुदायबाट लिइ उपभोग गरेको पाइन्छ ।

## सामाजिक संरचना र सम्बन्धहरु

धानुक जातिहरु संयुक्त परिवार तथा समूहमा बस्न मन पराउँदछ ।

**जाति थर उपथरः** यस जातिमा मण्डल, चौधरी, महतो, सदा धानुक, धनकर आदि थर प्रचलित छन । सिरौढ, मगहिया (मधैया), दूधवार र सुर गरि चार वटा शाखामा फैलिएको धानुक जातिको सगोत्री जातिहरुमा कुर्मी, केवट र अमात पर्दछ । खेतीपाती गर्नेलाई सिरौढ, पशुपालन गरी दुध उत्पादन बिक्री गर्ने हुँदा दुधवार, मजदुरी तथा जमिनदारहरुको रखवारी, पहरेदार गर्नेलाई सपोलिया तथा मधैया नामाकरण भयो । नेपाल बसोबास गर्ने धानुक जातिमा मण्डल, महतो, चौधरी, धानुक, सादा, धनकर, राय, कविरत्य, डिसी (धानुक क्षेत्री) आदि थरले चिनिन्छ । आचरण एवं संस्कारमा आर्य संस्कृति हिन्दु

धर्म नै देखिएता पनि कतिपय धार्मिक आचरण, संस्कार र चाडपर्वमा आफ्नै मौलिकता पनि रहेको पाइन्छ ।

**गोत्रः** धानुक जातिमा गोत्र आदिको प्रचलन छैन । यदाकदा कश्यप र शाण्डिल भनिए पनि जातिगत संरचनामा यसको खासै उल्लेख भएको पाइदैन । बिहेवारीमा गोत्रको नभई पितृगत रक्त सम्बन्ध हेर्ने परम्परा छ । नाता, कुटुम्ब, नाता सम्बन्धमा आफ्नो वंशज जसलाई "दियादी" भन्दछ । वैवाहिक सम्बन्धमा कुटुम्बको सम्बन्ध स्थापित हुन्छ । धानुक जातिमा मितेरी तथा भावनात्मक सम्बन्धबाट पनि साइनोहरु जोडिने चलन रहेको छ । एउटै थर भएको "दियादी" आफ्नो रगतको साइनो वंश भित्र विहेवारी चल्दैन ।

## धार्मिक परम्परा र प्रचलनहरु

धानुक जाति हिन्दु धर्मको अनुयायी रहेको छ । तर यिनीहरु जनै लगाउँदैनन् । त्यस्तै यिनीहरुमा विधवा विवाहको प्रचलन पनि रहेको छ । मृत्यु संस्कार श्राद्ध कर्ममा ब्राह्मणको साटो आफ्नो स्वजातिय मैथली ब्राह्मणबाट यज्ञ, विवाह, संस्कार, पुजा गर्ने गराउने चलन रहेको छ । धानुक समाजमा धामी, झाँक्री, तन्त्रमन्त्र, टोनाटापर र भुतप्रेतमा विश्वास राखेको पाइन्छ ।

धानुक जातिले कुल देवताको रुपमा गहिल, गोरिया, धर्मराज, विषहरा, काली, अन्दी र मीरालाई पुज्ने गर्दछ । यसका साथै असारही पुजा, बटसावित्री पुजा, भगवती पुजा, जितिया पर्व, सिरुवापर्व, समाचकेव पर्व, भातृद्वितिया, सिताराम, राधाकृष्ण, शिवपार्वती देवी देवताको आरधना पनि गर्दछ । तुलसी उधापन, श्रीभद भागवत, अपटयाम, तिरथाटन पनि गर्दछ । आश्विनमा दशै, कार्तिकमा दीपावली, गोबर्द्धन पुजा, छठ र समाचकेवा धुमधामका साथ मनाइन्च । मुख्य चाडहरुमा नेवान, मकर संक्रान्ति, शिवरात्री र होली, रामनवमी, जुडशितल, नागपञ्चमी, अनन्त चरुर्दशी, रक्षबन्धन, कृष्णआष्टमी, गणेश चतुर्दशी हुन । जिल्लाको प्रत्येक गाउँमा बाहिर सिहवार थान हुन्छ । वर्षमा एक पटक सम्पूर्ण गाँउ समाज भेला भई पुजा गर्ने गर्दछ । प्रत्येक गाँउमा स्थानीय कृतन मण्डली रहेको हुन्छ । पुजा भजनहरुमा सत्यनारायण, तुलसी, सुरदास, मिरा र विधापतिहरु गाउने गर्दछन् । कविरपन्थीहरु निर्गुन गीत पनि गाउँदछन् । धानुक महिलाहरुले मिथिला र थारु संस्कृतिलाई अनुसरण गर्दै विहे, ब्रतबन्ध र पुजाआजा गर्ने गरेको पाइन्छ ।

**लोकगीत र नृत्यहरुः** धानुक जातिको संस्कृति तथा रितिरिवाजमा आधारित लोक नृत्यहरु प्रचलनमा रहेको छ । लोक गीतहरुमा गोसाउनी, भगत, नचारी, सांहर, समदौन, वटगमनी र बारहमासा गीत, समाचकेवा, जारजटिन, होरी गाउने चलन रहेको छ । धानुक जातिको आफ्नो परम्परामा आधारित भजन किर्तनहरु पनि परापूर्वकाल देखि गाउने चलन रहेको छ । धानुक जातिमा लोकगीत, ऋतु गीत, स्तुती गीत, धामी गीत, नृत्य गीत, विरह गीत, संस्कार गीत आदी गाउने गर्दछ । यसै गरी लोक नृत्यमा सोरठी, बृजमान, लौटी मनीयार, बिसहरा, सलहेस नाच, रसलिला नाच प्रचलित रहेको छ ।

**अन्य संस्कृतिः** यस जातिको मुख्य खेल कुस्ती हो । जुड शितलमा खेलिने धुरखेल, सुकरातमा खेलिने हुर्राहुर्री, फागुमा होली, सामाचकेवा, जाटजाटिन आदि मनोरञ्जनात्मक खेल पनि समृद्ध लोक कला र संस्कृतिको चलन रहेको छ ।

## जीवन चक्रिय प्रणाली

**सामाजिक संस्कारः** जन्म संस्कार अन्तर्गत धानुक जातिको बच्चा जन्मे पछी सुत्केरी आमा र बच्चा बस्ने छुट्टै विशेष कोठा ब्यवस्था गरिएको हुन्छ । सुत्केरी र बच्चा रेखदेख गर्न चमार जातको सुडेनी महिला राखिन्छ । बच्चा जन्मेको ६ दिनमा छटिहार पुजा गरिन्छ । त्यस्तै बाह्र दिनमा शुद्ध पानीले आँगनमा नुहाई चोख्याउने 'वरही' चलन रहेको छ । बच्चा ६ महिना भए पछि अन्न प्रासन हुन्छ । बच्चा जन्मि सकेपछी पहिलो पटक छोरोलाई कपाल काट्ने मुण्डन संस्कार पनि गरिन्छ ।

विवाह संस्कारमा मागी विवाह, वरवधु पक्षको वंशावली हेरेर मान्यजनको स्वीकृती लिई दुवै पक्ष बिच बाचा गर्ने संस्कारलाई तिलक भनिन्छ । यो पहिले बाल विवाहको प्रचलनमा गरिन्थ्यो । त्यस्तै विवाहमा कुमरन विवाहको एकदिन अघि गरिने विधी, जन्ती प्रस्थान, जन्ती स्वागत, परीक्षण, स्वयम्बर, कन्यादान, सिन्धुरदान र कन्या भित्राइ सकेपछी सासु एवंम नातेदार महिलाहरुले बेहुली पन्छने विधिहरु हुन् ।

**मृत्यु संस्कारः** धानुक जातिमा कुनै ब्यक्तिको मृत्यु हुँदा नदी किनारको घाटमा लगेर मृत शरीरलाई जलाई दाह संस्कार गरिन्छ । दाह संस्कार भएको तीन दिनमा तेराइत कर्म हुने गर्दछ । दाह संस्कार भएको सात दिनमा सतलहन कर्म गरिन्छ । त्यस्तै १० दिनमा नोहदेश कर्म, ११ दिनमा श्राद्ध, १२ दिनमा समपिण्डन कर्म र त्यसको भोली पल्ट सत्य नारायणको पुजा गरिन्छ । दाह संस्कार भएको एक वर्ष भित्र बरखी कर्म गर्ने गरिन्छ ।

## परम्परागत भेषभुषा, खाना, बाजागाजा

**भेषभुषाः**पुरुष धानुकहरुको मौलिक पहिरन धोती, कमीज र कुर्ता नै लगाउने गर्दछ । कामकाज खेतीपाती तथा पशुपालन कार्यका लागि कमिज, गंञ्जी र लगोटी लगाउँदछ । विवाह तथा अन्य उत्सव मेलामा भाग लिदा धोती, कमिज, कुर्ता र गर्दनमा गाम्छा लगाई जाने गर्दछ । पढे लेखेका जागीरवालले कमिज, कोट पाइन्ट पनि लगाने गरिन्छ ।

धानुक महिलाले पहिले दुई वटा पाँच हातको गोनिया कपडा लगाउँथे । जसमा एउटा कम्मरमा र अर्को कम्मर माथि राखेर जिउ ढाक्ने गरिन्थ्यो । धानुक महिलाहरु कुर्ता, सुरुवाल, साडी ब्लाउज लगाउँदछ । गरगहनामा शिरमा मंगरीका, कानमा मुन्द्री, नाकमा नथिया, गलामा हौसली, औंलामा औंठी, हातमा चाँदिको मोठा, खुट्टामा काडा र पायल लगाउने गर्दछ ।

**खानपानः** धानुक जाति दैनिक खानपानमा दाल, भात, रोटी तरकारी, सागपात, दुधदही, फलपुल र माछ्रामासु नै खाने गर्दछ । चाडपर्व अनुसार चामलको रोटी, मरुवाको रोटी, बगिया, बरी, कचरी, ठकुवा, रतुवा, भुजुवा, अदौरी, तिल, खिचरी, चिचरी भात, चिउरा, मुरहीको लड्डु, आँप, टमाटरको अचार आदि परिकार बनाई खाने गर्दछ ।

## परम्परागत प्रथाजनित न्याय प्रणाली

धानुक जातिमा क्षेत्रिय विभाजन गरी जातिय प्रणालीलाई सञ्चालन गर्ने परम्परा छ । जसलाई चौरासी र सभा भनिन्छ । चौरासिमा ८४ गाउँ पर्दछ र ठूलो भौगोलिक सीमा हुन्छ । एउटा चौरासी अन्तर्गत दुई वा तीन वटा सभा पर्दछ । जातिय स्तरको निति निर्माण, जातिय ब्यवस्ता कार्यान्वयन तथा विवाद समाधान गर्नका लागी चौरासी र सभाको उपयोग गरिन्छ । हरेक सभामा मान्यजन र देवान परम्परागत रुपमा रहन्छ । यस पछी विटदार र गोराईत (सिपाही) आउँछन् ।

धानुक समुदायमा मान्यजनको सर्व सहमतबाट कुनै समस्याको समाधान तथा निर्णयहरु गर्दछ । मान्यजन पछि देवान, विटदार र गोराइत (सिपाही) रहेको हुन्छ । मान्यजनले गरेको निर्णयलाई कार्यान्वयन गर्ने काम देवानको हुन्छ । विटदारले गाउँभरिका धानुक जातिलाई मौखिक निम्तो सुचना दिने गर्दछ । प्रत्येक संयुक्त परिवारमा र दियादीमा एक जना सबभन्दा वृद्ध मडर (परिवारको मूली) को रुपमा रहन्छन् ।

समुदायमा समस्या उत्पन्न भएमा जाति भित्र एक अर्का बीच जातीय प्रकृतिको विवाद उत्पन्न भएमा विहावारी तथा भोज भतेर, धार्मिक कार्य, विकासको कार्य तथा श्राद्ध कर्ममा पनि मान्यजनको उपस्थितिमा छलफल गरी निर्णय लिने गर्दछ ।

## सन्दर्भ सामग्री

१. पुरुषोत्तम चौधरी (२०७६), *"धानुक जातिको जातिय अध्ययन"*, आ.ज.उ.रा.प्रतिष्ठान, ललिरपुर ।
२. श्री मुक्तिनाथ मण्डल धानुक (२०६६), *"धानुक दर्पण"*, नेपाल धानुक समाज, मेट्रो अफसेट, बागबजार, काठमाडौं ।